सुखीपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुखीपुर, सिरहा

प्रदेश नं. २, नेपाल

## प्रस्तावपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति-२०७५।०२।१०

यस कार्यालयले चालु आ.व. २०७४/७५ को लागि लक्षित विकास कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सूचीकृत संघ/ संस्था/समूह/प्रा.लि. तथा परामर्शदाताहरुबाट निम्न शर्तको अधिनमा रही रीतपूर्वक प्रस्ताव आह्वान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको १२ बजेभित्र नवीकृत फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, प्यान/मु.अ.क.दर्ता प्रमाणपत्र, आ.व.२०७३/७४ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र र प्रस्तावपत्रमा इच्छाईएको कार्यक्रम सञ्चालन गर्न पाउने अधिकार भएको खुलाउने कागजात र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको भनी लिखित रुपमा गरेको घोषणा साथ प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. प्रस्तावपत्रहरु अनिवार्य रुपमा सिलबन्दी गरी पेश गर्नुपर्नेछ । यदि खुला प्रस्ताव पेश भएमा स्वत: रद्ध हुनेछ ।

३. यस कार्यालयले तोकेको ढाचामा प्रस्तावपत्र पेश नभएमा उक्त प्रस्तावपत्रलाई रद्ध गरिनेछ ।

४. प्रस्तावपत्रमा कुनै केरमेट भएको खण्डमा सम्वन्धित फर्म, संस्था वा कम्पनीको सहीछाप भएको हुनुपर्नेछ ।

५. प्रस्तावपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको कार्यालय र समयमा प्रस्तावपत्र दर्ता र खोल्ने कार्य हुनेछ ।

६. प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलमा निहित रहनेछ ।

७. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

८. प्रस्ताव दर्ताको समयमा यस कार्यालयमा रु. ५०० दस्तुर तिरेको रसिद सहित पेश गर्नु पर्नेछ ।

९. यससम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा आफैं आई वा फोन नं. ९८५२८३२५८३ मा फोन गरी बुझ्न सकिनेछ ।

**तपशिल**

| सिलाई कटाइ सम्बन्धि कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क.सं | योजनाको नाम | योजना संचालन हुने स्थान | अनुमानित वजेट | कैफियत |
| १ | सिलाई कटाइ तालिम | ५ नं. वडा भित्र | रु.७५०००।०० | |
| २ | सिलाई कटाइ तालिम | (६ नं. वडा) खडहिटोल | रु.१०००००।०० | |
| ३ | सिलाई कटाइ तालिम | (६ नं. वडा) वडहरि | रु.१०००००।०० | |
| ४ | सिलाई कटाइ तालिम | ७ नं. वडा भित्र | रु.१०००००।०० | |
| ५ | सिलाई कटाइ तालिम | १० नं. वडा भित्र | रु.५००००।०० | |
| ६ | मधेसी मिथिला कला संस्कृती एवं भाषा प्रवर्धनात्मक कार्यक्रम | ४ नं. वडा भित्र | रु.१०००००।०० | |
| ७ | अगरवती मैनवती लाह चुरा बनाउने तालिम | ८ नं. वडा भित्र | रु.३०००००।०० | |

प्रमुख प्रशासकीय अधिकृत
सुखिपुर नगरपालिका